# नेपाल सरकार

# गृह मन्त्रालयको

## अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति २०७५/१२/०१

कानून बमोजिम लिनुपर्ने इजाजत नलिइ वा इजाजत पत्र नवीकरण नगराइ वा इजाजत प्राप्त व्यक्तिको मृत्यु पश्चात हकवालाको नाममा नामसारी नगराई वा अन्य जुनसुकै तरिकाले नेपाल राज्य भित्र कोही कसैले हातहतियार र खरखजाना राखेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालय वा नेपाली सेनाको ब्यारेकमा अनिवार्य रुपमा बुझाउनु हुन नेपाल सरकार (म.प.) को मिति २०७५/११/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । यसरी हातहतियार र खरखजाना बुझाउन ल्याएमा यस अघि ती अवैध हातहतियार र खरखजाना राखेको कारणले मात्र त्यस्ता व्यक्तिलाई कुनै कानूनी कारवाही नचलाइने हुँदा तोकिएको समयभित्र अवैध हातहतियार तथा खरखजाना अनिवार्य रुपमा बुझाउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि इजाजत प्राप्त नगरी आफूसँग रहेका हातहतियार खरखजाना तोकिएको अवधिभित्र स्वेच्छाले नबुझाएमा त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

Scanned with CamScanner